खजुरा गाउँपालिका
Khajura Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
खजुरा, बाँके
Khajura, Banke
लुम्बिनी प्रदेश सरकार, नेपाल
Lumbini Province Government, Nepal

# वैदेशिक रोजगारी सन्तति छात्रवृत्ति कार्यक्रम सम्बन्धी सूचना!!!

**प्रकाशित मितिः २०८२।०७।११**

प्रस्तुत विषयमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको वैदेशिक रोजगार बोर्डको सचिवालयको कल्याणकारी कोषबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका बालबालिकालाई वैदेशिक रोजगार बोर्ड मार्फत प्रदान गरिने वैदेशिक रोजगारी सन्तति छात्रवृत्तिका लागि आवेदन खुला भएकोले, वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसूची १ को ढाँचामा योग्य विद्यार्थी/अभिभावकलाई आवश्यक कागजातसहित अध्ययनरत विद्यालयमा कार्तिक मसान्तभित्र निवेदन दिनुहुन सूचित गरिन्छ।

साथै, निवेदन प्राप्त गरेका विद्यालयले २०८२ मंसिर ७ गतेभित्र वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसूची २ वमोजिमको ढाँचामा खजुरा गाउँपालिका रोजगार सेवा केन्द्रमा संकलित निवेदन सिफारि ससहित पठाउनु हुन सूचित गरिन्छ।

**आवेदनका लागि आवश्यक पर्ने मुख्य कागजातहरूः**

१. छात्रवृत्ति सिफारिस फारम (वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसूची-१
२. कामदारको राहदानीको प्रतिलिपि ।
३. अध्ययन गरिरहेको विद्यालयको सिफारिस पत्र (अनुसूची २)।
४. विद्यार्थी वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि)।

**पहिलो पटक आवेदन दिनेको हकमा थप कागजातहरूः**

१. जन्मदर्ताको प्रतिलिपि ।
२. अभिभावकको नागरिकताको प्रतिलिपि ।
३. कामदार अभिभावक र विद्यार्थीको नाता खुल्ने नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि ।

**सम्पर्क नम्बरः** ९८४९२६३५२८, ९८४८०४२५४८

..............................
दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**दिल बहादुर पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं ।

## वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सहायताका लागि निवेदन दिने बारेको सुचना

**सूचना प्रकाशित मिति: २०८२/०७/०३**

श्रम स्वीकृति लिई वैदेशिक रोजगारकमा गई तोकिएको अवधि भित्र मृत्यु, अंगभंग वा विरामी भई कल्याणकारी कोषबाट यस सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्तिका लागि आफू अध्ययनरत रहेको शैक्षिक संस्थामा वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसुची (१) बमोजिमको ढाँचामा २०८२ साल कार्तिक मसान्तभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. विद्यार्थीले निवेदन पेश गर्ने निकाय:** २०८२ कार्तिक मसान्तभित्र आफु अध्ययनरत विद्यालयमा कार्यविधिको अनुसूची - १ बमोजिमको ढाँचामा, विद्यार्थीको स्थायी ठेगाना अन्यत्र भए पनि नाता प्रमाणित लगायत वडा कार्यालयबाट गर्नुपर्ने कागजात आफ्नो स्थानीय तहबाट बनाई अध्ययनरत विद्यालयमा छात्रवृत्तिको निवेदन पेश गर्नुपर्ने ।

**अ) पहिले देखिनै छात्रवृत्ति पाईरहेका छात्र/छात्राहरुले पेश गर्नु पर्ने कागजात:**

क) अनुसुची - १ बमोजिमको ढाँचामा निवेदन,
ख) कामदारको राहदानीको प्रतिलिलपि,
ग) अध्ययन गरीरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस,
घ) आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि) ।

**आ) आ. व. २०८२/०८३ मा पहिलो पटक छात्रवृत्ति प्राप्त गर्ने छात्र/छात्राहरुले पेश गर्नु पर्ने कागजात:**

क) अनुसूची - १ बमोजिमको ढाँचामा निवेदन,
ख) कामदारको राहदानीको प्रतिलिलपि,
ग) अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस,
घ) जन्मदर्ताको प्रतिलिपि,
ङ) अभिभावकको नागरिकताको प्रतिलिपि,
च) कामदार, अभिभावक र विद्यार्थीको नाता खुल्ने नाता प्रमाण पत्रको प्रतिलिपि,
छ) आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि) ।

**२. छात्रवृत्ति प्राप्त गर्ने लक्षित वर्ग:**

- श्रम स्वीकृति लिइ वैदेशिक रोजगारीको सिलशिलामा मृत्यु वा अंगभंग वा विरामी भई वैदेशिक रोजगार बोर्डबाट शत प्रतिशत (१००%) आर्थिक सहायता लिएका कामदारका छोरा/छोरी, (शतप्रतिशत आर्थिक सहायता भन्नाले २०६५/७/१८ देखि २०६८/२/१९ सम्म रू. १ लाख, २०६८/२/२० देखि २०७१/६/३० सम्म रू १ लाख ५० हजार, २०७१/६/३१ देखि २०७४/४/१५ सम्म रू.३ लाख, २०७४/४/१६ देखि २०८१/०७/०७ गते सम्म रू ७ लाख र २०८२/०८/०८ गते देखि निवेदन दिने अन्तिम मिति सम्म रू. १० लाख प्राप्त गरेको हुनुपर्ने । मृत्यु वा अंगभंग भएको तर आर्थिक सहायता/क्षतिपूर्ति वापत पूर्ण रकम प्राप्त नगरेका लाभग्राहीलाई यो छात्रवृत्ति प्राप्त नहुने) ।
- नेपालको जुनसुकै सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालवालिकाहरुले मात्र निवेदन दिन सक्नेछन् ।
- मिति २०८२ असोज मसान्तसम्म उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका

बालबालिकालाई मात्र शैक्षिक शत्र २०८२ को छात्रवृत्ति उपलब्ध गराइनेछ ।

३. छात्रवृत्तिको रकमको सीमा:

- वार्षिक रुपमा आधारभूत तहमा अध्ययनरतका लागि रू. १२,०००। (बाह्र हजार) र माध्यमिक तहका लागि रू. १६,०००। (सोह्र हजार) प्रदान गरिने छ।
- एक जना विद्यार्थीलाई एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रुपमा एकमुष्ट छात्रवृत्ति रकम सीधै बैंक खाता मार्फत उपलब्ध गराइनेछ । एउटा कामदारका जति संख्यामा योग्यता पुगेका सन्तती भए पनि सहायता उपलब्ध हुनेछ ।

४. विद्यार्थी एवं अभिभावकको जिम्मेवारी:

- सूचना प्राप्त भएपश्चात कार्यविधि अध्ययन गरी सो बमोजिमका सम्पूर्ण कागजात तयार गरी सम्बन्धित विद्यालयमा निवेदन पेश गर्ने ।

५. विद्यालयको जिम्मेवारी:

- सम्बन्धित सबै विद्यार्थी तथा अविभावकलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सम्बन्धी सूचना प्रवाह गर्ने र संकलन गर्ने ।
- विद्यार्थी अध्ययनरत कक्षा खुल्ने सिफारिस प्रदान गर्ने ।
- संकलित निवेदन अनुसुची -२ बमोजिमको ढाँचामा तयार गरी २०८२ मसिर ७ गतेभित्र सम्बन्धित स्थानीय तहमा पठाउने ।

६. स्थानीय तहको जिम्मेवारी ।

- विद्यालयबाट प्राप्त वैदेशिक रोजगार छात्रवृत्ति सिफारिस गर्ने कार्यविधिको दफा ७(५) बमोजिम शिक्षा समितिको निर्णय गराउने ।
- मंत्रालयको अनलाईन प्रणाली (Foreign Employment Welfare Information Management System–FEWIMS) प्रयोग गर्न स्थानीय तहबाट तोकिएका फोकल पर्सन मार्फत २०८२ पुष मसान्तभित्रमा प्रविष्ट गर्ने व्यवस्था मिलाउने ।

**नोट: थप जानकारीका लागी श्रम कल सेन्टरको नि:शुल्क सम्पर्क नम्बर ११४१ मा सम्पर्क गर्न सकिनेछ ।**

CS Scanned with CamScanner